राजनीतिक परिवेश विश्लेषण

# प्रतिनिधिसभा निर्वाचन २०८२

## राजनीतिक परिवेश र निर्वाचन व्यवस्थापन

अङ्क १९ | माघ २०८२

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

राजनीतिक परिवेश विश्लेषण

# प्रतिनिधिसभा निर्वाचन २०८२

## राजनीतिक परिवेश र निर्वाचन व्यवस्थापन

अङ्क १९ | माघ २०८२

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर

राजनीतिक परिवेश विश्लेषण

# प्रतिनिधिसभा निर्वाचन २०८२

## राजनीतिक परिवेश र निर्वाचन व्यवस्थापन

अङ्क १९ | माघ २०८२

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

# विषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. राजनीतिक परिचालन | २ |
| दलको नीति र नेतृत्व परिवर्तन | २ |
| निर्वाचनको तयारीमा राजनीतिक दल | ४ |
| ३. निर्वाचन आयोगको व्यवस्थापन र तयारी | ६ |
| मतदाता नामावली संकलन | ७ |
| आचारसंहिता | ८ |
| बेजिल्ला तथा प्रवासी नेपाली नागरिकलाई मतदान | ९ |
| ४. उम्मेदवारी मनोनयन | ११ |
| पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | १२ |
| प्रत्यक्षतर्फ समावेशी उम्मेदवारको सुनिश्चितता | १३ |
| समानुपातिक निर्वाचन प्रणालीमाथि बहस | १३ |
| ५. सुरक्षा व्यवस्था | १६ |
| ६. निष्कर्ष | १९ |

# १. पृष्ठभूमि

भदौ २३ र २४, २०८२ मा भएको जेन-जी आन्दोलनपछि नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) [नेकपा (एमाले)] को गठबन्धन सरकार सत्ताच्युत भयो । जेन-जीको मागअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई भदौ २७, २०८२ मा प्रधानमन्त्री नियुक्त गरे । सोही दिन कार्की नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले जननिर्वाचित संसद् भंग गर्ने निर्णय गऱ्यो । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रतिनिधिसभा विघटन गरिएपछि फागुन २१, २०८२ मा प्रतिनिधिसभा निर्वाचन गर्ने घोषणा भयो ।

प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीबाट जम्मा २७५ सदस्यहरू छानिन्छन् । नेपाललाई जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत १६५ सदस्य निर्वाचित हुन्छन् । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिइने समानुपातिक निर्वाचन प्रणालीबाट बाँकी ११० जना निर्वाचित हुन्छन् । निर्वाचन आयोगले प्रतिनिधिसभाका लागि कात्तिक २०, २०८२ मा निर्वाचन कार्यक्रम प्रकाशित गरी सोहीअनुरूप तयारी गरिरहेको छ । निर्वाचनमा सहभागी हुन प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ ११४ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ६४ राजनीतिक दल दर्ता भएका छन् ।

यस राजनीतिक परिवेश विश्लेषण प्रतिनिधिसभा निर्वाचन २०८२ को तयारी र व्यवस्थापनमा केन्द्रित छ । यसका लागि विभिन्न राजनीतिक दलका प्रतिनिधि, सुरक्षा विशेषज्ञ, निर्वाचन आयोगका प्रतिनिधि र केही नागरिकसँग अन्तर्वार्ता गर्नुका साथै पूर्व-प्रकाशित सामग्री अध्ययन गरिएको थियो ।

# २. राजनीतिक परिचालन

अन्तरिम सरकारको मुख्य काम प्रतिनिधिसभा निर्वाचन गराउनु हो । निर्वाचनका सम्पूर्ण कार्यक्रम भयरहित, शान्तिपूर्ण र निष्पक्ष हुनु देशलाई संवैधानिक प्रक्रियामा फर्काउने पहिलो महत्त्वपूर्ण कदम हो । प्रमुख राजनीतिक दलमध्ये नेपाली कांग्रेस र नेकपा (एमाले) ले अन्तरिम सरकार गठन प्रक्रियाको विरोध गरे पनि अहिले निर्वाचनमा पूर्ण रूपमा होमिएका छन् । राजनीतिक दलको पुनर्गठन जेन-जी विद्रोहले उठाएको अर्को महत्त्वपूर्ण मुद्दा हो । तर यसतर्फ कमै प्रगति हुन सकेको छ ।

### *दलको नीति र नेतृत्व परिवर्तन*

जेन-जी आन्दोलनका कारण राजनीतिक दलहरूमा पुस्तान्तरणको बहस सशक्त बन्यो । बदँलिदो राजनीतिक परिस्थितिमा आफ्नो महत्ता र सान्दर्भिकता कायम राख्नलाई पुराना राजनीतिक दलहरूले नीति र नेतृत्व परिवर्तन गर्न आवश्यक देखिएको थियो । राज्य व्यवस्थामा लामो समय प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)][१] का शीर्ष नेतृत्वको हैकमले नागरिकमा लोकतन्त्रप्रति वितृष्णा बढेको निष्कर्ष बृहत् नागरिक आन्दोलनले फागुन २०८१ मा नै निकालेको थियो । त्यसलाई 'नेताराज' को संज्ञा दिँदै त्यसविरुद्ध बृहत् नागरिक आन्दोलनले अभियान नै घोषणा पनि गरेको थियो ।[२] शासनसत्तामा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) जस्ता पुराना दलका नेताको चक्रीय प्रतिस्थापन र त्यससँगै जोडिएका भ्रष्टाचार र कुशासनका मुद्दाले गर्दा नागरिकमा समग्र व्यवस्थाप्रति नै निरासा जागेको थियो । आफूलाई वैकल्पिक राजनीतिक शक्ति दावी गर्ने राष्ट्रिय स्वतन्त्र

---

[१] तत्कालीन नेकपा (माओवादी केन्द्र) लगायत विभिन्न कम्युनिष्ट घटकबीच एकता भई नेपाली कम्युनिष्ट पार्टी बनेको छ ।

[२] चन्द, सागर । २०८१ । 'नेताराज' अन्त्य गर्ने भन्दै नागरिक समाजले घोषणा गर्‍यो 'मिसन ८४' । *नेपालभ्युज,* फागुन ६ । https://www.nepalviews.com/story/363093 मा उपलब्ध; माघ ८, २०८२ मा हेरिएको ।

पार्टी (रास्वपा) का सभापतिसमेत सहकारी ठगीको विवादमा मुछिएपछि त्यस्तो नैराश्य झन् बढेको थियो। जेन-जी आन्दोलनले दलको नीति र नेतृत्वमा परिवर्तन खोजेको भए पनि उक्त आन्दोलनको मर्मअनुसार पुनर्गठन गर्न दलका शीर्ष नेता त्यति उदार देखिएनन्।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई नेतृत्व छोड्न संस्थापन इतर समूहले तीव्र दबाब दिएको थियो। सो दबाबलाई मत्थर गर्न केन्द्रीय कमिटीको म्याद सकिनु एक वर्षअगाडि नै ओलीले ११ औँ महाधिवेशन गराए।[३] तर महाधिवेशनले उनलाई नै पुन: अध्यक्षमा निर्वाचित गऱ्यो। यस परिणामले नेकपा (एमाले) मा नेतृत्व परिवर्तनलाई विराम त लगाएको छ नै, यस दलले जेन-जी विद्रोहको एजेण्डालाई अस्वीकार गरेको स्पष्ट सन्देश पनि दिएको छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल जेन-जी आन्दोलनप्रति नरम देखिए पनि पार्टी एकताका नाममा नेतृत्व परिवर्तनको बहसलाई भने थामथुम गरेका छन्।

नेपाली कांग्रेसमा पनि प्रतिनिधिसभा निर्वाचनअघि नै नीति र नेतृत्व परिवर्तन गर्नुपर्ने माग बलियो बन्यो। दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले सभापति शेरबहादुर देउवालाई नै नेतृत्वमा राखेर प्रतिनिधिसभा निर्वाचनमा जनताबीच जान नसकिने मत राखे।[४] निर्वाचनअगाडि नै नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा ती महामन्त्रीहरू थिए। तर सभापति शेरबहादुर देउवा पक्षसहित दलका विभिन्न शक्तिशाली गुटले तिनको प्रस्ताव अस्वीकार गऱ्यो। चुनावअघि महाधिवेशन गर्दा दलमा विग्रह आउने र त्यसले निर्वाचन परिणामलाई नै असर गर्ने तर्क महामन्त्री इतर पक्षको थियो। अन्ततः महामन्त्रीहरूसहितको समूहले संस्थापन पक्षको विरोधका बावजुद विशेष महाधिवेशन गराई गगनकुमार थापाको सभापतित्वमा नयाँ केन्द्रीय समिति बनायो। निर्वाचन आयोगले पनि नयाँ कार्यसमितिलाई मान्यता दिएपछि रुष्ट भएका शेरबहादुर देउवा पक्षधर नेताहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।

त्यसैगरी रास्वपामा पनि अध्यक्ष रवि लामिछानेले सहकारीसम्बन्धी मुद्दाबाट सफाइ नपाउँदासम्म दलको नेतृत्व लिनु हुँदैन भन्ने मतका बावजुद न उनले नेतृत्व छोडे न त अन्य नेताले दललाई नेतृत्व दिएर अघि बढ्ने साहस देखाए। लामिछाने जेलमा हुँदा रास्वपाले कुनै

---

[३] हिमालय टीभी। सन् २०२५। ओली जस्तो नेता अब एमालेलाई चाहिँदैन, आयोगमा बयान दिन जानै पर्छ : योगेश भट्टराई। डिसेम्बर ७। https://www.youtube.com/watch?v=Fo9e_Pl6o6s&t=3s मा उपलब्ध, पुस २२, २०८२ मा हेरिएको।

[४] बाह्रखरी। २०८२। पार्टीको नेतृत्व परिवर्तन नभए चुनाव नलड्ने गगन थापाको घोषणा। पुस १२। https://baahrakhari.com/detail/472306 मा उपलब्ध; पुस २२, २०८२ मा हेरिएको।

पनि राजनीतिक गतिविधि प्रभावकारी रूपमा गर्न सकेन । स्थापनाको करिब चार वर्ष पुग्दै गर्दासमेत रास्वपाको एउटा पनि महाधिवेशन भएको छैन । पहिलो महाधिवेशन २०८२ को वैशाख अन्त्यमा गर्ने घोषणा गरिए पनि २०८१ चैतमा रवि लामिछाने पक्राउ परेपछि उक्त महाधिवेशन फागुन २०८२ मा सारिएको थियो । तर जेन-जी विद्रोहपछि उक्त दलका केन्द्रीय सदस्य सन्तोष परियारले 'अर्ली' महाधिवेशन र दल पुनर्गठनको प्रस्ताव गरे पनि सुनुवाइ भएन ।[५] अन्ततः उनले नै दल त्याग गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को पनि केन्द्रीय समितिको निर्धारित अवधि सकिएकाले नियमित महाधिवेशनकै माग जेन-जी विद्रोह अगावै उठेको हो । तर त्यसो नगरी आगामी निर्वाचनपछि महाधिवेशन गर्ने गरी अहिले केन्द्रीय समिति लगायत सबै तहका समितिको म्याद छ महिना थपिएको छ ।[६] निर्वाचनअघि नै नेतृत्व अनुमोदन गर्नेतर्फ यो दल पनि लागेन । यी दृष्टान्तहरूले राजनीतिक दलमा नेतृत्व हस्तान्तरण गर्ने अभ्यास कमजोर रहेको प्रस्ट्याउँछ ।

## *निर्वाचनको तयारीमा राजनीतिक दल*

रास्वपा र राप्रपा बाहेक अन्य दलले सदन विघटनलाई असंवैधानिक कदम भन्दै विरोध गरे । नेकपा (एमाले) का संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले त त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन नै दर्ता गराए । नेपाली कांग्रेसले भने मंसिर ६, २०८२ को केन्द्रीय कार्यसमितिको बैठकमा निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरे पनि पछि यसका सांसदले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । नेपाली कांग्रेस र नेकपा (एमाले) ले अन्तरिम सरकारले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउन नसकेको आरोप लगाउँदै निर्वाचनमा भाग लिन आनाकानी गरिरहेका थिए । प्रमुख दुई दलका यी गतिविधिले निर्धारित समयमा चुनाव हुँदैन कि भन्ने आशंका व्याप्त थियो । यद्यपि, राष्ट्रपति रामचन्द्र पौडेलले तीन प्रमुख दलहरू (नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी) का शीर्ष नेताहरू र प्रधानमन्त्री सुशीला कार्कीबीच

---

[५] सेतोपाटी । २०८२ । सन्तोष परियारले रास्वपा केन्द्रीय समितिमा राखे अर्ली महाधिवेशन र पार्टी पुनर्गठन प्रस्ताव । असोज ८ । https://www.setopati.com/politics/370158 मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

[६] नयाँ पत्रिका । २०८२ । राप्रपा महाधिवेशन चुनावपछि, सबै निकायको म्याद ६ महिना थप । मंसिर १२ । https://www.nayapatrikadaily.com/news-details/182635/2025-11-28 मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

वार्ता सहजीकरण गरेपछि संवादहीन अवस्था तोडियो । त्यस वार्ताले तीन दल र सरकारबीच निर्वाचनको लागि थप छलफल र विश्वासको वातावरण बनाउन भूमिका खेल्यो ।

निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलहरूबीच एकीकरण र नयाँ दल दर्ताको लहर पनि चल्यो । काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाहको समूह र अन्तरिम सरकारका मन्त्री कुलमान घिसिङले सहयोग गरिरहेको उज्यालो पार्टी नेपाल रास्वपामा समाहित हुने सम्झौता गरेका थिए । रास्वपा र उज्यालो नेपाल पार्टीबीच पुस १४ मा सम्झौता भएको थियो । तर पुस २६ मा उज्यालो नेपाल पार्टीले रास्वपासँग राजनीतिक वैचारिक पक्ष र पदीय भागबण्डामा असन्तुष्ट हुँदै अलग भएर एक्लै चुनाव लड्ने निर्णय गरेको छ ।[७] नेपाली कम्युनिष्ट पार्टीमा समाहित नभएका जनार्दन शर्मा, रास्वपा छाडेका सन्तोष परियार र बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी मिलेर प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) गठन गरिएको छ । त्यसै गरी उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच एकीकरण भई जनता समाजवादी पार्टी नेपाल बनेको छ । धरान उपमहानगरपालिकाका स्वतन्त्र नगर प्रमुख हर्क साम्पाङले श्रम संस्कृति पार्टीको अध्यक्ष बनी दलीय राजनीतिमा प्रवेश गरेका छन् । वीरेन्द्रबहादुर बस्नेतको संरक्षकत्वमा गतिशील लोकतान्त्रिक पार्टी (गलोपा) गठन गरिएको छ । यीबाहेक नयाँ परिवेशमा अन्य केही दल पनि देखा परेका छन् । तर दलहरूबीच एकता भई नयाँ दल बने पनि यसअघिका निर्वाचनमा जस्तो गठबन्धन बनाउने लहर मुख्य राजनीतिक दलमा यस पटक देखिएको छैन ।

---

[७] कान्तिपुर । २०८२ । १२ दिनमै भाँडियो कुलमान-रास्वपा सहमति । पुस २६ । https://ekantipur.com/politics/2026/01/10/kulman-rsp-agreement-broken-in-less-than-two-weeks-33-20.html मा उपलब्ध; माघ ९, २०८२ मा हेरिएको ।

## ३. निर्वाचन आयोगको व्यवस्थापन र तयारी

नेपालको संविधान धारा २४५ अनुसार निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना आयुक्त रहने व्यवस्था छ । प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्षका रूपमा काम गर्छन् । हाल प्रमुख निर्वाचन आयुक्त र एक जना आयुक्तको पद खाली नै छ भने रामप्रसाद भण्डारीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी सम्हालेका छन् । प्रमुख निर्वाचन आयुक्त नभई आयुक्तले नै कार्यवाहक जिम्मेवारीमा निर्वाचन सम्पन्न गर्न लागेको यो पहिलो पटक हो । यद्यपि कानूनले तोकेबमोजिम कुनै पनि निर्णय लिन सक्ने भएकोले निर्वाचनको काममा यसले कुनै असर नपार्ने पूर्व प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती बताउँछन् । उनका अनुसार पाँच जनाको सट्टा तीन जनामात्र आयुक्त हुँदा कार्यबोझ बढे पनि नेपालको भूगोल, निर्वाचन क्षेत्र र जनसंख्याअनुसार तीन आयुक्तको समूह निर्वाचनको जिम्मेवारी बहन गर्न पर्याप्त छ ।[८] निर्वाचन आयोगले सार्वजनिक गरेको तालिकाअनुसार निर्वाचन कार्यक्रम निर्वाध अघि बढिरहेको छ ।

गलत सूचना, भ्रामक सूचना र गाली गलौजयुक्त अभिव्यक्ति जस्ता हानिकारक सूचनाहरूले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकोले त्यसलाई नियन्त्रण र नियमन गर्न निर्वाचन आयोगले तयारी थालिसकेको छ । त्यसका लागि आयोगको कार्यालयमा पुस ११, २०८२ मा निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र स्थापना गर्‍यो । यसमा समन्वयात्मक कार्य गर्ने गरी निर्वाचन सूचना तथा सञ्चार केन्द्र, (सूचना सदाचार प्रवर्धन एकाइ र विद्युतीय मतदाता शिक्षा एकाइ गरी तीन एकाइ छन् ।[९] सूचना सदाचार प्रवर्द्धन एकाइ कार्यदक्षता बढाउनका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा इ-मनिटर प्लस प्रणाली हालै प्रयोगमा ल्याई त्यसको प्रयोगका लागि कर्मचारीको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । इलेक्ट्रोनिक मिडिया र सामाजिक सञ्जालमा

[८] उप्रेतीसँग पुस २३, २०८२ मा गरिएको कुराकानीअनुसार ।

[९] निर्वाचन आयोग । २०८२ । निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र स्थापनासम्बन्धी प्रेस विज्ञप्ति । पुस ११ । https://election.gov.np/admin/public/storage/HOR%202082/Press%20Release/2082-09-11%20Press%20Release.pdf मा उपलब्ध; माघ ७, २०८२ मा हेरिएको ।

माघको पहिलो साता फेला परेका ६ ओटा पत्रबाट ९८ ओटा हानिकारक सूचना संप्रेषकलाई कानुनबमोजिम कारवाही गर्न नेपाल प्रेस काउन्सिल, नेपाल प्रहरीको साइबर ब्यूरो र आयोगको केन्द्रीय निर्वाचन आचारसंहिता अनुमगन समितिमा पठाइएको छ।[१०]

### *मतदाता नामावली संकलन*

मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा निर्वाचन घोषणा भइसकेपछि मतदाता नामावलीमा नाम सङ्कलन स्थगित गरिने व्यवस्था थियो। जेन-जी आन्दोलनका कारण विशेष परिस्थितिमा अकस्मात् निर्वाचन घोषणा गरिएकाले मतदानमा भाग लिन योग्य जेन-जी समूह पनि मतदाता नामावलीमा परेका थिएनन्। त्यसैले सरकारले अध्यादेशमार्फत मतदाता नामावली सङ्कलनसम्बन्धी ऐनको दफा ४ को उपदफा २(२) लाई संशोधन गरी 'निर्वाचन आयोगले तोकेको अवधिभित्र मतदाता नामावली सङ्कलन गर्न सकिने' व्यवस्था गऱ्यो। त्यसपश्चात् निर्वाचन आयोगले कात्तिक ३०, २०८२ सम्म मतदाता नामावलीमा नाम दर्ता गर्ने अवधि तोक्यो। तर उक्त अवधिमा पनि अत्यधिक चाप भएपछि प्रधानमन्त्री सुशीला कार्कीको आग्रहअनुसार निर्वाचन आयोगले मंसिर ५, २०८२ सम्म नाम दर्ता गर्ने व्यवस्था मिलाएको थियो।

निर्वाचन आयोगको वेबसाइटमार्फत नाम दर्ताको फारम भरी पायक पर्ने निर्वाचन कार्यालयमा गएर बायोमेट्रिक दिनु पर्दथ्यो। अनलाइन फारम भर्न मिल्ने व्यवस्थाले उत्साहजनक रूपमा नाम दर्ता भयो। तर बायोमेट्रिक दिन लामो समय लाइनमा बस्नुपर्ने, बेलाबेलामा सर्भर डाउन हुनेजस्ता समस्या देखियो।[११] यस्तो झन्झट हटाउन राष्ट्रिय परिचयपत्र पाएका व्यक्तिले मतदाता नामावलीमा अनलाइन फारम मात्रै भरे पुग्ने र बायोमेट्रिक विवरण राष्ट्रिय परिचयपत्रबाटै लिने प्रबन्ध मिलाइयो। अनलाइनबाट मतदाता नामावलीमा नाम दर्ता गर्न सहज त भयो नै, स्थायी बसोबास भएको ठाउँबाट मतदाता नामावलीमा नाम लेखाउन जानुनपरेकाले जिल्लाबाहिर भएका मतदातालाई आर्थिक भार पनि परेन, साथै समय पनि बच्यो। काठमाडौँबाटै नाम दर्ता गराएकी हुम्ला नाम्खा गाउँपालिकाकी एक

---

[१०] निर्वाचन आयोग। २०८२। माघ १ गतेदेखि ९ गतेसम्म सम्पादन भएका मुख्य-मुख्य कार्यहरू। *प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२*। इ-*बुलेटिन*। माघ ९। https://ebulletin.election.gov.np/2026/01/2566/ मा उपलब्ध; माघ ७, २०८२ मा हेरिएको।

[११] चिमरिया, अमृत। २०८२। नवयुवा मताधिकार प्रयोग गर्न उत्साहित तर नाम दर्तामै सकस। *रातोपाटी*, कात्तिक २८। https://www.ratopati.com/story/523810 मा उपलब्ध; माघ ७, २०८२ मा हेरिएको।

विद्यार्थीका अनुसार गृहजिल्ला नै जानु परेको भए घटीमा एक लाख रूपैयाँ खर्च हुन्थ्यो।[१२] बाँके, काठमाडौँ उपत्यका लगायत विभिन्न स्थानमा जेन-जी समूहहरूले नाम दर्ता प्रक्रियामा सघाएको डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) को अनुसन्धान टोलीले पाएको थियो। निर्वाचन आयोगका अनुसार फागुन २०, २०८२ मा १८ वर्ष पुग्ने १८,९०३,६८९ मतदाता यस निर्वाचनमा मतदान गर्न योग्य हुने छन्। प्रतिनिधिसभा निर्वाचन २०७९ मा भन्दा अहिले ९१५,११९ जना मतदाता बढेका छन्। कुल मतदातामध्ये महिला ९,२४०,१३१; पुरुष ९,६६३,३५८ र अन्य २०० छन्।

## *आचारसंहिता*

आयोगले निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी लागू गरिसकेको छ। यो आचारसंहिता सरकारी तथा गैह्र सरकारी संघसंस्था एवं निकाय र व्यक्तिलाई समेत लागू हुन्छ। चुनाव प्रचारप्रसारमा सामाजिक सञ्जालको प्रयोग फराकिलो बन्दै छ। यसमार्फत् मिथ्या र द्वेषपूर्ण सूचना पनि दल वा उम्मेदवारबारे प्रयोग हुन सक्छ। आर्टिफिसियल इन्टलिजेन्स (एआइ) को प्रयोग गरेर सामाजिक सञ्जालमार्फत दल वा उम्मेदवारको पक्ष र विपक्षमा अतिरञ्जनापूर्ण प्रचारप्रसार हुन सक्ने सम्भावना पनि प्रबल छ। त्यसलाई नियन्त्रण गर्न यसपालि आचारसंहितामा सामाजिक सञ्जाल तथा एआइको दुरूपयोगलाई पनि सम्बोधन गर्न खोजिएको छ। विद्युतीय सञ्चार माध्यमबाट हुने आचारसंहिता उल्लंघनलाई नियन्त्रण गर्न युएनडीपी र द एशिया फाउण्डेसनले निर्वाचन आयोगलाई सफ्टवेयर उपलब्ध गराएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए।[१३] निर्वाचन आचारसंहिता, २०८२ अनुसार निर्वाचनमा वातावरणमैत्री हरित सामग्री प्रयोग गरिनुपर्छ। त्यस्तै दलहरूले अनिवार्य रूपमा घोषणापत्र निर्वाचन आयोगमा बुझाउनैपर्ने व्यवस्था आचारसंहितामा समेटिएका नयाँ प्रावधान हुन्।

उम्मेदवारले गर्न पाउने खर्चको सीमा पनि निर्वाचन आयोगले तोकेको छ जुन प्रतिनिधिसभा निर्वाचन २०७९ को भन्दा फरक छैन। उम्मेदवारले निर्वाचन क्षेत्रअनुसार घटीमा २५ लाखदेखि बढीमा ३३ लाख रूपैयाँसम्म खर्च गर्न पाउने प्रावधान छ। नेपालमा विद्यमान राजनीतिक संस्कार र बेथितिलाई विगतका निर्वाचनमा देखिएको अत्यधिक खर्चसँग पनि

---

[१२] ती विद्यार्थीसँग पुस २३, २०८२ मा गरिएको कुराकानीअनुसार।

[१३] घिमिरेसँग माघ ७, २०८२ मा गरिएको कुराकानीअनुसार।

जोड्न सकिन्छ । यसलाई लिएर समग्र निर्वाचन प्रणाली नै सुधार गर्नुपर्ने बहससमेत हुन थालेका छन् ।

निर्वाचन खर्चसम्बन्धी एक अनुसन्धानको प्रारम्भिक निष्कर्षअनुसार २०७९ को प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित हुन एक उम्मेदवारले करिब २.५ करोड औसत खर्च गरेका थिए । निर्वाचन आयोगले तोकेको आधिकारिक खर्च सीमाभन्दा यो झण्डै दश गुणा बढी हो । खर्चको सबैभन्दा ठूलो हिस्सा हप्तौंसम्म दैनिक कार्यकर्ता परिचालन र कार्यकर्ता तथा मतदाताको यातायात खर्चमा हुने गरेको बताइन्छ । दुर्गम तथा ग्रामीण हिमाली र पहाडी निर्वाचन क्षेत्रका उम्मेदवारहरूका लागि यातायात खर्च पनि अत्यधिक हुन्छ । मतदानअघि मौन अवधिका ४८ घण्टामा मतदान प्रभाव पार्ने मनसायले व्यापक अनौपचारिक खर्च हुने गरेको छ ।[१४] निर्वाचन प्रचारप्रसारबारे भएका अध्ययनबाट निर्वाचन आयोगले तोकेको खर्च सीमा अव्यावहारिक मात्र नभई अनुगमनसमेत शून्यप्रायः हुने देखाएको छ । विगतमा निर्वाचन आयोगले गर्ने आचारसंहिताको उल्लंघनको अनुगमन साथै आचारसंहिता उल्लंघनबारे उजुरी परे पनि प्रभावकारी कारवाही हुन सक्दैन भनेर आलोचना हुने गरेको थियो ।[१५] आयोगले आचारसंहिता उल्लंघन गरेमा एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्ने प्रावधान भए पनि अहिलेसम्म त्यो हदको कारवाही कसैलाई गरेको छैन ।

### *बेजिल्ला तथा प्रवासी नेपाली नागरिकलाई मतदान*

धेरै नेपाली रोजगार, अध्ययन आदि उद्देश्यसहित स्थायी बसोबास छोडेर देशभित्रै वा देशबाहिर बसिरहेका छन् । निर्वाचनका दिनमा आफ्नो तोकिएको मतदानस्थल जान नसक्ने यो ठूलो समुदाय अहिलेसम्म मतदानबाट वञ्चित छ । सर्वोच्च अदालतले चैत ७, २०७४ मा विदेशका नेपालीलाई मतदानको प्रबन्ध मिलाउन आवश्यक कानून र पूर्वाधार व्यवस्था गर्न आदेश दिएको थियो । निर्वाचन आयोगले मस्यौदा गरेको निर्वाचन व्यवस्थापन विधेयक २०८० मा यस्तो व्यवस्था गरिए पनि सरकारले सदनमा सो विधेयक प्रस्तुत नै गरेन । मंसिर २४, २०८२ मा जेन-जी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौताको बुँदा ४.२ मा "बेजिल्ला तथा अन्तरनिर्वाचन क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने मतदातालाई

---

[१४] पराजुली, शेखर । २०८२ । नेपाली निर्वाचन अभ्यासः प्रक्रियाको लेखाजोखा । *समाज अध्ययन* २०: ३०५–३२८ ।

[१५] डीआरसीएन । २०७९ । *नेपालको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन २०७९ को पर्यवेक्षण* । ललितपुर: डीआरसीएन ।

निजहरू रहेकै जिल्लाबाट आसन्न निर्वाचनमा नै मतदान गर्ने व्यवस्था गर्ने । संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रूपमा श्रम गर्ने प्रवासी नेपाली नागरिकहरू, पेशा व्यवसायमा रहेका र प्रवासी नेपाली विद्यार्थीहरूको मताधिकार सुनिश्चित गर्न नीतिगत, कानूनी तथा संस्थागत पूर्वधार विकासको प्रक्रिया अगाडि बढाइने" उल्लेख गरिएको छ ।

सर्वोच्च अदालतले पुस २१, २०७० मा 'कायम उम्मेदवारमध्ये कसैप्रति पनि समर्थन छैन' भनी मत राख्ने (नोटा) व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । यसो हुन सके मतदाताले असन्तुष्टि जाहेर गर्न सक्थे । जेन-जी समूह र अन्तरिम सरकारबीच भएको सम्झौतामा पनि मतपत्रमा नोटाको व्यवस्था राख्ने बुँदा परेको थियो । यद्यपि निवर्तमान सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले प्रमुख राजनीतिक दलका शीर्ष नेतृत्वको विरोधका कारण सरकारले कानून निर्माण नगरेको र त्यसो हुनाले आगामी निर्वाचनमा बेजिल्ला मतदान, विदेशमा बस्ने नेपालीले मतदान र नोटा कार्यान्वयनमा आउन नसक्ने बताएका थिए ।[१६]

नेपालीहरू १५० भन्दा बढी देशमा बसोबास गर्दै आइरहेका छन् । ती सबै मुलुकमा पर्याप्त तयारीबिना मतदान व्यवस्था गर्न कठिन छ । लाखौँ नेपाली श्रमिकहरू खाडी मुलुकमा छन् । तर तिनलाई एकै ठाउँमा भेला भएर मतदान गर्न त्यहाँको कानूनले पनि दिँदैन । विदेशमा बस्ने सबै नेपाली नागरिकलाई मतदान गराउन यस पटक सम्भव नभए पनि परीक्षणका रूपमा नेपाली राजदूतावासका कर्मचारीलाई मतदानमा सहभागी हुने व्यवस्था अन्तरिम सरकारले गर्न सकेको भए भविष्यमा स्थायी सरकार पनि थप व्यवस्था गर्न बाध्य हुने तर्क सामाजिक न्यायका लागि कानून तथा नीति नियम मञ्चमा कार्यरत मानवअधिकार अधिवक्ता अनुराग देवकोटा गर्छन् ।[१७]

---

[१६] Republica. 2026. Nepalis abroad will not be able to vote this time: Minister Kharel. January 6. https://myrepublica.nagariknetwork.com/news/nepalis-abroad-will-not-be-able-to-vote-this-time-minister-kharel-80-46.html?utm_source=chatgpt.com मा उपलब्ध; पुस २५, २०८२ मा हेरिएको ।

[१७] देवकोटासँग पुस २५,२०८२ मा गरिएको कुराकानीअनुसार ।

## ४. उम्मेदवारी मनोनयन

दलहरूले समानुपातिक निर्वाचन प्रणालीका लागि उम्मेदवारको बन्द सूची पेश गरिसकेका छन् भने पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्नसमेत प्रदान गरिएको छ । लोकतान्त्रिक पद्धतिबाट दलका उम्मेदवार चयन गर्नुपर्ने बहस पहिलेदेखि नै उठ्दै आएको हो । जेन-जी समूह र अन्तरिम सरकारबीच भएको सम्झौतामा पनि दलभित्र प्राइमरी निर्वाचनमार्फत उम्मेदवार छनोट हुने कानून बनाउने बुँदा परेको छ । तर यो निर्वाचनमा पनि उम्मेदवार छनोटमा लोकतान्त्रिक पद्धति दलहरूले अँगालेको पाइएन । निर्वाचन क्षेत्रस्तरीय समितिबाट विभिन्न नाम सिफारिस भएर केन्द्रमा आउने तर तीउपर शीर्ष नेतृत्वले नै तजबिजी निर्णय लिने सनातनी परम्पराले नै यसपटक पनि निरन्तरता पायो । शीर्ष नेतृत्वको आग्रह, पूर्वाग्रह हावी हुने यस्तो चयन प्रक्रियामा तल्लो निकायबाट सिफारिसै नभएकाले टिकट पाउने, मनोनयनकै दिन दल परिवर्तन गरी टिकट पाउने जस्ता दृष्टान्त देख्न पाइयो । यस्ता अभ्यासका कारण दलका आधिकारिक उम्मेदवारविरुद्ध वागी उम्मेदवार यस निर्वाचनमा पनि देखा परेका छन् ।

उम्मेदवार छनोटको लोकतान्त्रिक विधि र प्रणाली अपनाउन नसक्नु दलमा आन्तरिक लोकतन्त्र नहुनुको बलियो प्रमाण हो । रास्वपाले २०८२ साउनमा नै प्रतिनिधिसभा निर्वाचनको पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि उम्मेदवार छनोट विधि तयार पारेको थियो जसमा लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी, समावेशिता र प्रारम्भिक निर्वाचनलाई भाराङ्क दिई धेरै अङ्क ल्याउने आकांक्षीलाई उम्मेदवार बनाउने प्रावधान थियो । तर यसपटक प्रत्यक्षतर्फ उम्मेदवार चयन गर्दा त्यसको उपयोग गरिएन । अन्य दलसँग एकतामा लाग्दै गर्दा मनोनयनको समय आइहालेको र समानुपातिकतर्फ गरिएको प्रारम्भिक निर्वाचनको मतदानमा दलका सदस्यको सहभागिता अत्यन्तै न्यून भएकाले यस पटक प्रत्यक्षतर्फ उम्मेदवार चयनमा उक्त विधि नअपनाइएको रास्वपाका उपसभापति स्वर्णिम वाग्लेले बताए ।[१८] रास्वपामा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार छनोटका लागि प्रारम्भिक निर्वाचन गरे पनि उक्त

---

[१८] सत्याल, मनोज । २०८२ । किन प्राइमरी चुनाव नगरी टिकट बाँड्यो रास्वपाले ? माघ ५ । https://www.setopati.com/politics/380116 मा उपलब्ध; माघ ९, २०८२ मा हेरिएको

प्रक्रिया विवादित बनेको थियो । अन्य दलले यस्तो निर्धारित विधिको अभ्यास नै गरेनन् । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनमा पेश भएको राजनीतिक प्रतिवेदनमा पनि प्राइमरी निर्वाचनमार्फत उम्मेदवार चयन गरिने उल्लेख गरिएको थियो । तर समयअभावले अहिले त्यसो गर्न नसकेको र आगामी निर्वाचनमा यस्तो नहुने सभापति गगन थापाले दावी गरेका थिए ।[१९]

## *पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली*

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ माघ ६, २०८२ मा देशैभर मनोनयन दर्ता सम्पन्न भएको छ । १६५ निर्वाचन क्षेत्रमा कुल ३,४८७ उम्मेदवारी दर्ता भएकामध्ये ७२ जनाले उम्मेदवारी फिर्ता लिए भने नौ जनाको उम्मेदवारी खारेज गरिएको छ । त्यसैले ३०१७ पुरुष, ३८८ महिला र १ अन्य सहित ३,४०६ जना उम्मेदवार यस निर्वाचनमा प्रतिस्पर्धा गर्दैछन् । उम्मेदवारीमा पुरुषकै एक पक्षीय दबदबा देखिन्छ भने महिला उम्मेदवारी ११.३९ प्रतिशतमा सीमित भएको छ । त्यसै गरी उम्मेदवारका रूपमा दलितको उपस्थिति पनि ज्यादै न्यून छ । डिग्निटि इनिसियटिभले तयार पारेको तथ्यांकअनुसार उम्मेदवारमध्ये खस आर्य १,३२० (३८.७६ %), आदिवासी जनजाति ८१३ (२३.८७%), मधेसी ७७८ (२२.८४ %), दलित २३२ ( ६.८१ %), थारू १४१ (४.१४ %) र मुस्लिम १२२ (३.५८ %) जना छन् ।

मुख्य ५ दल (नेपाली काँग्रेस, नेकपा, नेकपा एमाले, राप्रपा र रास्वपा) को उम्मेदवारी हेर्दा खस आर्यको अत्यधिक बाहुल्या देखिन्छ भने महिला र दलितको उम्मेदवारी क्रमशः ६.९१ प्रतिशत र २.१८ प्रतिशत छ ।[२०] मनोनयन गरेका उमेदवारमध्ये उमेर समूहअनुसार २५ देखि ४० वर्षसम्मका १,०५६ जना, ४१ देखि ६० वर्षसम्मका १,९२५ जना र ६० वर्षमाथिका ४२५ जना छन् ।[२१] यसमा पनि ४० वर्षमाथिका व्यक्तिको वर्चस्व देखिन्छ ।

---

[१९] अनलाइनखबर । २०८२ । अर्को पटकदेखि काँग्रेसमा यसरी उम्मेदवार चयन हुँदैनः सभापति थापा । माघ ९ । https://www.onlinekhabar.com/2026/01/1855849/from-next-time-candidates-will-not-be-selected-in-this-way-in-the-congress-president-thapa मा उपलब्ध; माघ ९, २०८२ मा हेरिएको ।

[२०] भट्ट, कमलराज । २०८२ । जनसंख्याको संरचना र प्रत्यक्षतर्फका उम्मेदवारीबीच व्यापक असन्तुलन-खसआर्यको वर्चस्व, दलित अत्यन्त न्यून । *नयाँ पत्रिका*, माघ १० । https://www.nayapatrikadaily.com/news-details/24-01-2026/186978 मा उपलब्ध; माघ ११, २०८२ मा हेरिएको ।

[२१] दया, दुदराज । २०८२ । ५२ प्रतिशत मतदाता युवा, उम्मेदवार भने ३१ प्रतिशत । *कान्तिपुर*, माघ ११ । https://ekantipur.com/feature/52/25/01/2026-percent-of-voters-are-young-31-percent-of-candidates-are-young-35-46.html मा उपलब्ध, माघ ११, २०८२ मा हेरिएको ।

### *प्रत्यक्षतर्फ समावेशी उम्मेदवारको सुनिश्चितता*

निर्वाचन आयोगले मंसिर १९, २०८२ मा राजनीतिक दलहरूलाई "नेपालको संविधानको धारा ३८ को उपधारा (४) तथा धारा ४२ को उपधारा (१) मा भएको व्यवस्था र नेपालको संविधानको धारा ४७ को मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्थालाई समेत स्मरण गरी निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एक तिहाइ नघट्ने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवं लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्ने।" भनी निर्देशन दिएको थियो। राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ (२) मा आयोगको निर्देशन पालना गर्नु प्रत्येक दलको कर्तव्य हुने उल्लेख छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा पनि निर्वाचन आयोगले दलहरूलाई सोही निर्देशन जारी गरेको थियो। तर राजनीतिक दलले पालना गरेनन्। नेपाली कांग्रेस र नेकपा (एमाले) का महिला नेतासँग गरिएको कुराकानीअनुसार त्यतिबेला राजनीतिक दलका शीर्ष नेतृत्वले निर्वाचन आयोगले राजनीतिक दललाई त्यस्तो निर्देशन दिन नमिल्ने भन्दै त्यसलाई पन्छाएका थिए। निर्वाचन आयोगका एक पदाधिकारीका अनुसार यो प्रावधान लागू गर्न राजनीतिक दलका शीर्ष नेतृत्व अनिच्छुक र महिला नेतृत्व पनि आफ्नो दलमा प्रभावकारी दबाब सिर्जना गर्न असमर्थ भए।[२२]

महिलाको पक्षमा कानून बनाउन लविङ गर्ने, त्यसलाई लागू गर्ने दायित्व महिलाको मात्र होइन। संविधान र कानून निर्माण एवं कार्यान्वयन गर्ने जिम्मेवारी राज्य, दल र पुरुष नेताको पनि हो। त्यस्तो कानून कार्यान्वयन भएमा त्यसको फाइदा महिलालाई मात्र नभई पुरुषलाई पनि हुन्छ। निर्वाचन आयोगले तयार पारेको निर्वाचन व्यवस्थापन विधेयक २०८० को मस्यौदामा पनि प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ दलले उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला हुनैपर्ने व्यवस्था गरेको थियो। तर सो विधेयक सदनमा प्रस्तुत नै भएन। त्यसैले बाध्यकारी प्रावधान नभएकाले प्रत्यक्ष निर्वाचनतर्फ समानुपातिक समावेशी सहभागिता यस पटकको निर्वाचनमा पनि हुन सकेन।

---

[२२] ती पदाधिकारीसँग पुस २३, २०८२ मा गरिएको कुराकानीअनुसार।

### *समानुपातिक निर्वाचन प्रणालीमाथि बहस*

राज्य संरचनाको हरेक तहमा नागरिकको समान पहुँच र प्रतिनिधित्व संघीय व्यवस्थाको मूल मर्म हो। नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गर्नुपर्ने संविधानमा उल्लेख छ। प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनाव लड्न नसक्ने वा लडेर पनि जित्न नसक्ने, सामाजिक, शैक्षिक र आर्थिक रूपमा पिछडिएका वर्ग र समुदायलाई मूलधारमा ल्याउने उद्देश्य समानुपातिक निर्वाचन प्रणालीको हो। तर विगतमा यस प्रणालीमार्फत शक्तिशाली र पहुँचवाला वर्गकै प्रतिनिधित्व हुने गरेका उदाहरण अनेकौँ छन्।[२३] पूर्वप्रधानमन्त्रीदेखि उद्योगपति र नेताका छोराछोरी, श्रीमतीसम्म समानुपातिक प्रणालीमार्फत चुनिएका छन्।

दलहरूले आगामी निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फ उम्मेदवारको सूची बुझाएका छन्। ती सूचीमा सामाजिक, आर्थिक र राजनीतिक रूपमा सम्पन्न, शीर्ष नेताका नातेदार र पहुँचवालाहरूकै नाम आएपछि समानुपातिक प्रणालीको दुरूपयोग भएको भनी व्यापक विरोध भइरहेको छ। समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गरेका सांसदहरूको पहिचान खोज्दै जाने हो भने संरचनागत लाभांश प्राप्त वर्ग र समुदायकै वर्चश्व देखिन्छ। आगामी निर्वाचनका लागि दलहरूले पेश गरेको समानुपातिक सूचीमा शहरका उम्मेदवार अत्यधिक छन्। तीमध्ये सबैभन्दा धेरै क्रमशः काठमाडौँ, मोरङ र झापा जिल्लाका छन्।[२४]

नागरिक अभियन्ता पवन थापा मगर भन्छन्, "उत्पीडित समुदायका लागि गरिएको व्यवस्थाको फाइदा देशका अर्बपति र नेताका नातेदारहरूले लिनु लोकतन्त्रको भद्दा मजाक हो। वर्षौंदेखि यही मजाक भइरहेको छ, चन्दा दिनेदेखि शीर्ष नेतालाई जेलबाट निकाल्ने र अप्ठ्यारोमा आश्रय दिनेको नामसमेत समानुपातिक सूचीमा देखिन्छ।"[२५] पुराना दलले यो प्रणालीको दुरूपयोग गरिरहेकै थिए, त्यसमा नयाँ राजनीतिक दलहरू पनि थपिएको उनको भनाइ थियो। समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्ने सीमान्तकृत वर्ग र समुदायका सांसदको बोली र लवजलाई खिल्ली उडाउने र क्षमतामाथि प्रश्न गर्ने मिडियाले तिनको क्षमता विकासका लागि राजनीतिक दल, संसद सचिवालय लगायत विभिन्न संघसंस्थाले कति

---

[२३] गिरी, आन्विका। २०८१। *नेपाली राजनीतिमा महिलाः उपलब्धि र चुनौती*। ललितपुरः डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल।

[२४] दाहाल, मणि। २०८२। समानुपातिकमा अचाक्ली असन्तुलन, काठमाडौंकै वर्चस्व। *नेपालन्यूज*, माघ ७। https://nepalnews.com/2026/01/21/extreme-imbalance-in-proportional-representation-kathmandu-dominates/ मा उपलब्ध; माघ ७, २०८२ मा हेरिएको।

[२५] मगरसँग पुस २५, २०८२ मा गरिएको कुराकानीअनुसार।

लगानी गरे भनी प्रश्न गर्दैनन् । यसले मिलाएर, मिठो र शुद्ध नेपाली बोल्ने मान्छे नै समानुपातिक प्रणालीबाट आउनुपर्छ भन्ने भाष्यलाई बल पुगेको छ ।

युवाहरूले गरेको आन्दोलनकै जगमा हुन लागेको निर्वाचनको समानुपातिक सूची विगतकै जस्तो हुनु भनेको दलहरू नसच्चिएको बलियो प्रमाण हो । नयाँ दलहरूसँग युवाले धेरै आशा राखेका थिए । तर तिनको समानुपातिक सूचीमा चर्चित शहरिया अनुहार र व्यापारीको नाम देखिनु विडम्बना नै हो । यसले आम नागरिकमा दुई गलत भाष्य निर्माण गरेको छ । एक, राजनीति गर्न चर्चित हुनुपर्छ । अर्को, राजनीति पैसावालाले मात्रै गर्ने हो । सीमान्तकृत वर्ग र समुदायको मूलप्रवाहीकरणका लागि गरिएको यो व्यवस्था शक्तिशाली वर्गले उपयोग गर्नु समानुपातिक समावेशी प्रणालीको भद्दा मजाक त हो नै, साथै सीमान्तकृत समुदायको सीमान्तीकरणको अर्को शृङ्खला पनि हो । वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीकी नेता धनकुमारी सुनार राजनीतिमा महिलाको प्रतिनिधित्वलाई सम्पतिको स्वामित्वसँग जोड्छिन् । राजनीतिमा एकल वर्ग र समुदायको वर्चश्वले सङ्घर्ष, आन्दोलन एवं बलिदानको उपलब्धि पनि खोसिने क्रममा रहेको उनको तर्क छ ।[२६] सामाजिक न्यायका लागि सीमान्तकृत वर्ग र समुदायको अर्थपूर्ण सहभागिता अपरिहार्य छ । तर दलको उम्मेदवारी त्यसको मर्मबाट विमुख भएको देखिन्छ ।

[२६] सुनार, धनकुमारी । २०८२ । समानुपातिक प्रणालीलाई नै नराम्रोसँग गिजोलिएपछि । *सन्धान*, पुस २२ । https://sandhaann.com/archives/7174 मा उपलब्ध; पुस २६, २०८२ मा हेरिएको ।

## ५. सुरक्षा व्यवस्था

राजनीतिक दल, उम्मेदवार तथा नागरिकले निर्वाचनका गतिविधिमा भयरहित वातावरणमा स्वतन्त्रपूर्वक सहभागी हुनपाउनु निर्वाचनको पहिलो सर्त हो। मुख्यतः प्रतिस्पर्धी दल, अझ त्यसमा पनि पुराना र नयाँ दलबीच सम्भावित राजनीतिक झडप निर्वाचन सुरक्षा चुनौतीको रूपमा औँल्याइएको छ। आयोगका अनुसार आगामी निर्वाचनका लागि १०,९६७ मतदान स्थल र २३,११२ मतदान केन्द्र छन्। तीमध्ये ३,६८० मतदान स्थल अति संवेदनशील, ४,४४२ मतदान स्थल संवेदनशील र २,८४५ स्थललाई सामान्य सूचीमा राखिएको छ।

निर्वाचन सुरक्षाका लागि एकीकृत सुरक्षा योजना २०८२ लागू भइसकेको छ र सोही योजनाअनुरूप सुरक्षा चुनौतीको विश्लेषणसहित रणनीति बनाउन सबै सुरक्षा निकायहरू लागेका छन्।[२७] निर्वाचनमा ८० हजार नेपाली सेना निर्वाचनको एक महिना अघिदेखि परिचालन हुनेछन्।[२८] नेपाल प्रहरी र सशस्त्र प्रहरीबाहेक नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० र सशस्त्र प्रहरी बलले १५ हजार १ सय १० अस्थायी निर्वाचन प्रहरी भर्ना गरेर निर्वाचनमा परिचालन गर्ने योजना बनाएका छन्।[२९] सशस्त्र प्रहरी बलले निर्वाचन प्रहरी खटाउन लागेको यो पहिलो पटक हो।

---

[२७] नेपालखबर। २०८२। तीनवटै सुरक्षा निकायको एक स्वर: निर्वाचन भयरहित रूपमा सम्पन्न गराउन तयार छौँ। पुस २५। https://nepalkhabar.com/politics/262110-2026-1-9-16-56-53 मा उपलब्ध; पुस २६, २०८२ मा हेरिएको।

[२८] अनलाइनखबर। २०८२। प्रतिनिधिसभा निर्वाचनमा ८० हजार सेना परिचालन हुने। पुस २४। https://www.onlinekhabar.com/2026/01/1844215/80000-troops-to-be-mobilized-for-upcoming-house-of-representatives-elections मा उपलब्ध; पुस २५, २०८२ मा हेरिएको।

[२९] नयाँ पत्रिका। २०८२। नेपाल प्रहरीले एक लाख ३३ हजार र सशस्त्र प्रहरीले १५ हजार निर्वाचन प्रहरी भर्ना गर्ने। पुस १९। https://www.nayapatrikadaily.com/news-details/185327/2026-01-03 मा उपलब्ध; पुस २६, २०८२ मा हेरिएको।

जेन-जी आन्दोलनको क्रममा कारागारबाट निस्केका ४ हजार ५ सय ५४ कैदी अझै फरार छन् ।[३०] त्यस्तै सोही आन्दोलनका क्रममा सुरक्षा निकायबाट लुटिएका हतियारमध्ये केही अझै फिर्ता भएका छैनन् । त्यसले गर्दा पनि निर्वाचन हिंसात्मक हुन सक्ने आशंका गरिएको छ । तर नेपालमा सुरक्षा चुनौतीका बावजुद सफलतापूर्वक निर्वाचन सम्पन्न भएका उदाहरण धेरै छन् । संविधानसभाको पहिलो र दोस्रो निर्वाचन सुरक्षाको ठूलो चुनौतीबीच सम्पन्न भएका थिए । पहिलो संविधानसभा निर्वाचन २०६४ मा विद्रोही माओवादी शान्ति सम्झौता गरेर निर्वाचनमा होमिएको थियो । तर माओवादीको युवा दस्ता योङ कम्युनिष्ट लिगका रूपमा विभिन्न क्याम्पमा अर्ध सैनिक संरचनासहित थिए । त्यसको प्रतिक्रियास्वरूप नेपाली कांग्रेस र एमालेले पनि युवा दस्ता बनाएका थिए । माओवादीका केही हतियार क्यान्टोनमेन्टबाहिर रहेको आरोप थियो ।

दोस्रो संविधानसभा निर्वाचनमा माओवादीबाट विद्रोह गरेको एउटा गुटसहित ३३ दलको समूहले चुनाव बहिष्कार गरी निर्वाचनविरोधी गतिविधिमा संलग्न थियो । मधेशमा सशस्त्र समूहले पनि निर्वाचन बहिष्कार गरेकाले थप चुनौती थियो । २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपा विरोधमा उभिएको थियो । २०६४ सालदेखिकै निर्वाचनसम्बन्धी हिंसाका घटना हेर्ने हो भने त्यो घट्दो क्रममा छ । तर निर्वाचन सुरक्षासम्बन्धी खर्च क्रमशः बढिरहेको छ । *शिक्षक* मासिकका सम्पादक राजेन्द्र दाहाल सुरक्षाकर्मीको बढ्दो उपस्थितिले दीर्घकालीन फाइदा नहुने तर्क गर्छन् । उनी भन्छन्, “सबै ठाउँमा सुरक्षा फौजलाई अगाडि सार्ने र नागरिक भूमिकालाई कमजोर बनाउने अभ्यास लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो ।”[३१] सेना र सुरक्षाकर्मीको अत्यधिक उपस्थितिले नागरिकमा भय पैदा गर्नेतर्फ पनि सचेत हुन आवश्यक देखिन्छ ।

यसपटक नागरिक चुनावमा गएर मतदान गर्न व्यग्र रहेको र प्रमुख राजनीतिक दलले पनि निर्वाचनमा भाग लिने सुनिश्चित भएकोले निर्वाचनमा ठूलो सुरक्षा चुनौती नहुने विश्लेषण सुरक्षा विशेषज्ञ इन्द्र अधिकारीको छ । उनी भन्छिन्, “सुरक्षा निकायले थ्रेट पहिचान गरिसकेपछि सोहीअनुसार रणनीति पनि बनाउँछ । एकीकृत सुरक्षा योजना लागू भएपछि

---

[३०] अनलाइनखबर । २०८२ । साढे ४ हजार कैदीबन्दी अझै फरार । पुस २१ । https://www.onlinekhabar.com/2026/01/1841884/4500-prisoners-still-on-the-run मा उपलब्ध; पुस २५, २०८२ मा हेरिएको ।

[३१] दाहाल, राजेन्द्र । २०८२ । निर्वाचनको जंगीकरणले निम्त्याउने खतरा । माघ ५, *हिमालखबर* । https://www.himalkhabar.com/144757/parliament-election-threat-to-militarization मा उपलब्ध; माघ ५, २०८२ मा हेरिएको ।

सुरक्षा निकाय एकअर्कासँग समन्वय गरेर काम गर्छन् । त्यसले जेन-जी आन्दोलनमा भएको सुरक्षा निकायबीचको कमजोरीलाई पन्छाएर तीनै सुरक्षा संयन्त्रबीच विश्वासको वातावरण बनाउन पनि सहयोग पुग्छ । सुरक्षा निकायको मनोबल थप बढाउन सवारीसाधन लगायत भौतिक स्रोतसाधन भने सरकारले तत्काल उपलब्ध गराउनुपर्छ ।"[३२]

---

[३२] अधिकारीसँग पुस २३, २०८२ मा गरिएको कुराकानीअनुसार ।

## ६. निष्कर्ष

जेन-जी विद्रोह मूलतः राजनीतिक दलको शासकीय अक्षमता, झाङ्गिदो संरचनागत भ्रष्टाचार, बेरोजगारी र गरिबीले निराश बनेका नागरिकको असन्तुष्टिको अभिव्यक्ति थियो। त्यसपछि गठन भएको अन्तरिम सरकारको मुख्य कार्यादेश नै निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउनु हो। उक्त विद्रोहको मागअनुसार परिवर्तनका विभिन्न मुद्दामा बहस र निर्णय गर्ने मुख्य थलो सदन नै भएकाले हालको राजनीतिक एवं संवैधानिक संकट हल गर्ने उत्तम विकल्प निर्वाचन नै हो। सुशीला कार्की नेतृत्वको सरकारप्रति प्रमुख राजनीतिक दलको गहिरो अविश्वास हुनुका साथै तिनले संसद पुनर्स्थापनाको माग राखेर सर्वोच्च अदालतमा रिट नै दायर गरेका थिए। त्यसैले प्रारम्भमा चुनावको वातावरण बनेको थिएन। तर प्रमुख दलका नेता र सरकारबीच विभिन्न चरणमा भएको वार्तापछि भने निर्वाचनको पक्षमा दलहरू आइपुगे।

विभिन्न चुनौतीबीच पनि तोकिएकै समयमा निर्वाचन गराउन निर्वाचन आयोग कटिबद्ध देखिन्छ। आउँदा दिनमा आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता लागू गराउने र उल्लंघन गर्ने दोषी उपर कारवाही गर्न पनि तदारूकता देखाउनुपर्छ। यो निर्वाचनमा एआइको प्रयोग गरेर सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट भ्राम्रक र द्वेषपूर्ण सूचना फैलाउने सम्भावना धेरै नै छ। निष्पक्ष निर्वाचनको लागि यस्ता कार्यलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ। त्यसको लागि निर्वाचन आयोगलाई स्रोत साधन सम्पन्न बनाउनै पर्छ।

समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणालीको मनोनयनमा उत्सवमय वातावरण देखिए पनि प्रत्यक्षतर्फ महिला, दलित, मुस्लिम लगायत सीमान्तकृत समुदायको उम्मेदवार संख्या निकै कम हुनु नेपालले अंगीकार गरेको समावेशी लोकतन्त्रको मर्ममाथि प्रहार हो। निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचनतर्फ पनि महिलाको उम्मेदवारी कुल मनोनयनको एक तिहाइ पुऱ्याउन दलहरूलाई यस अघिको निर्वाचनमा जस्तै निर्देशन दिएर कर्मकाण्ड मात्र पूरा गऱ्यो। समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि समुदायमा आर्थिक र सामाजिक रूपमा पछौटेपनमा रहेका व्यक्तिभन्दा सामाजिक सञ्जालको व्यापक प्रयोग गर्ने क्षमता भएका, सम्भ्रान्त, शहरीया र सेलिब्रिटीहरू हावी भए। अझ वैकल्पिक शक्ति भनिएका दलहरू नै समानुपातिकतर्फ बन्द सूचीमा त्यस्ता व्यक्ति समावेश गर्न अग्रणी रहे। यसले समानुपातिक

निर्वाचन प्रणालीको महत्त्वलाई नै ओझेलमा परिदिएको छ। यस निर्वाचनमा बेजिल्ला मतदान लगायतको व्यवस्था नहुँदा सरकारले तदारूकता दिएर गरेको मतदाता नामावली थप गर्ने कार्यको सार्थकता पनि कमजोर बनेको छ।

जेन-जी आन्दोलनको एउटा मुख्य माग राजनीतिक दलमा नीति र नेतृत्व परिवर्तन थियो। दलहरूको लागि मतदाता माझ आफ्नो कमजोरी स्वीकार गर्दै नवीन नेतृत्व र एजेण्डा प्रस्तुत गरेर बौरिने अवसर यो निर्वाचनले प्रदान गरेको हो। यो आन्दोलन राजनीतिक दलभित्र नेतृत्व हस्तान्तरणको पानीढलो हुन सक्थ्यो। नेपाली कांग्रेसमा दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा सहितको समूहले विद्रोह गरेर नेतृत्व परिवर्तनमा लागेको जाम खुलाएका छन्। तर अन्य दलमा त्यस्तो सम्भावना क्षीण भएको छ। दलको नीतिगत सुधार र नेतृत्व परिवर्तनलाई बन्ध्याकरण गर्ने कार्यलाई मतदाताले कसरी लिएका छन् भन्ने अभिव्यक्ति मतपत्रमार्फत नै हुनेछ। त्यसबाहेक नयाँ दलका नयाँ अनुहारलाई पनि मतदाताले कुन रूपमा विश्वास गर्नेछन् भन्ने जान्नका लागि समेत निर्वाचन परिणाम कुर्नु नै पर्नेछ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
ललितपुर, नेपाल
फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org
https://www.democracyresource.org/